"हरित नगर, समृद्ध दमक"

# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दमक-झापा
१ नं. प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं.: ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०७९/०८०
च.नं. ४२२

मिति : २०७९/०४/२५

**विषय : IEMIS मा विवरण अद्यावधिक गर्ने सम्बन्धमा ।**

श्री IEMIS मा विवरण अद्यावधिक गर्न बाँकी विद्यालयहरु
दमक नगरपालिका,झापा

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र,सानोठिमी भक्तपुरको च.नं ११४ मिति २०७९/०३/०९ को पत्र साथै यस नगरपालिकाको च.नं ७४०२ मिति २०७९/०३/१३ गतेको पत्रबाट शैक्षिक सत्र २०७९ को विवरण, एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली ( Integrated Educational Management Information System - IEMIS ) मा मिति २०७९/०४/१५ गते भित्र अद्यावधिक गर्न अनुरोध गरिएको र उक्त मिति भित्र अद्यावधिक भएका विद्यालयहरुको विवरण ( च.नं ०४ मिति २०७९/०४/२२ को पत्रबाट) शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइटमा राखिएको व्यहोरा राखिएको विदितै छ । अद्यावधिक गर्न बाँकी विद्यालयहरुले तपसिल अनुसार गर्नुहुन अनुरोध छ ।

**तपसिल :**

१. मिति २०७९/०४/३१ गते भित्रमा आफ्नो विद्यालयको IEMIS Login गरी Excel File download गरेर Import गरी IEMIS मा अफलाइन Data Update गर्ने ।

२. Online Update गर्नको लागि मिति २०७९/०५/०१ गते देखि २०७९/०५/१० गते सम्ममात्र प्रणाली खुला रहने भएकाले सबै विद्यालयहरुले उक्त समयावधि भित्र अनिवार्य रुपमा अपलोड गरी सक्ने ।

३. शैक्षिक सत्र २०७९ मा अनुमति प्राप्त गरेका र यस अघि अनुमति प्राप्त गरेर पनि हालसम्म IEMIS Code प्राप्त नगरेका प्रारम्भिक बालविकास केन्द्र/विद्यालयहरुले मिति २०७९/०४/३१ गते भित्र यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गरी Code प्राप्त गर्ने साथै IEMIS Code र Excel File प्राप्त गरिसकेका तर IEMIS

अधिकृत छैटौं
दमक नगरपालिका

"हरित नगर, समृद्ध दमक"
# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमक-झापा
१ नं. प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं.: ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०७९/०८०
च.नं. ४२२

मा Upload नगरेका विद्यालयहरुले आफुलाई प्राप्त Excel File Update गरी मिति २०७९/०४/३१ गते सम्ममा अनिवार्य रुपमा यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा उपलब्ध गराउने ।

४. यस अगाडि IEMIS File Upload गरी सकेका विद्यालयहरुले पनि थप विवरण अद्यावधिक गर्नुपर्ने भएमा मिति २०७९/०५/१० गते भित्र नै अद्यावधिक गरी सक्ने ।

५. विगत वर्ष देखि नै आधारभूत तह उत्तीर्ण (कक्षा-८) परीक्षाको नतिजा व्यवस्थापन यस प्रणालीबाट हुदै आएको र आगामी वर्षहरुमा कक्षा ५ को नतिजा व्यवस्थापन पनि यसै प्रणालीबाट गरिने भएकाले मिति २०७९/०५/१० गते भित्र नै सबै विद्यार्थीहरुको विवरण ( पछिसम्म फरक नपर्ने गरी) अद्यावधिक गर्ने गराउने ।

६. आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम यही विवरणका आधारमा तयार गरिने भएकाले विवरण अद्यावधिक नगरेका कारण विद्यालयले प्राप्त गर्ने अनुदान, विद्यार्थीले प्राप्त गर्ने सुविधा तथा विद्यार्थी परीक्षामा सम्मिलित हुन वञ्चित हुने अवस्था आएमा सम्बन्धित प्रधानाध्यापक नै जिम्मेवार हुने ।

सोमनाथ गुरागाई
शिक्षा अधिकृत

अधिकृत छाप
दमक नगरपालिका